UK Health
Security
Agency

# क्षयरोग (TB) को बारेमा

## क्षयरोग एक संक्रामक रोग हो जसले प्रायः फोक्सोलाई असर गर्छ। यो ब्याक्टेरियाको कारणले हुन्छ। यो गम्भीर हुन सक्छ, तर एन्टिबायोटिकद्वारा यसको उपचार गर्न सकिन्छ।

### तपाईंलाई क्षयरोगको सङ्क्रमण कसरी हुन्छ

क्षयरोगको लक्षण भएको व्यक्तिले खोक्दा वा हाच्छिउँ गर्दा, उनीहरूले हावामा ब्याक्टेरियाका स-साना थोपाहरू छोड्छन्। क्षयरोग लाग्न गाह्रो हुन्छ। तपाईंले सङ्क्रमित व्यक्तिसँग नजिकको र नियमित सम्पर्कमा रहनु र सङ्क्रमित हावामा सास लिनु आवश्यक हुन्छ। क्षयरोग (TB) दुई प्रकारका हुन्छन्: सक्रिय र सुप्त।

### सक्रिय क्षयरोग

यसको अर्थ तपाईंको शरीरमा ब्याक्टेरिया सक्रिय छन्। तपाईं:

- लक्षणहरू छन्
- संक्रमण सार्न सक्नुहुन्छ
- बिरामी महसुस गर्नुहुन्छ

### सक्रिय क्षयरोगका लक्षणहरू

यदि तपाईंलाई निम्न छन् भने आफ्नो डाक्टरसँग कुरा गर्नुहोस्:

- निको नहुने खोकी
- रगत सहितको खकार (कफ) खोक्नु
- ज्वरो वा राती पसिना आउनु
- भोक नलाग्नु वा तौल घट्नु
- अत्यधिक थकान

### सुप्त क्षयरोग

यसको अर्थ तपाईंको शरीरमा ब्याक्टेरिया सक्रिय छैन।  तपाईंलाई:

- लक्षणहरू छैनन्

- संक्रमण सार्न सक्नुहुन्न

## क्षयरोगको उपचार सम्भव छ

यदि तपाईंलाई क्षयरोग लागेको छ भने, तपाईंले बेलायतमा नि:शुल्क परीक्षण र उपचार पाउनुहुनेछ।

## क्षयरोगको (TB) परीक्षणहरु

कुनै पनि लक्षण नदेखिए पनि तपाईंले परीक्षण गराउन सक्नुहुन्छ।

तपाईंलाई क्षयरोग (TB) भए/नभएको पत्ता लगाउन, डाक्टरले एक वा धेरै परीक्षणहरू गर्न सक्छन्। त्यसमा समावेश:

- छातीको एक्स-रे
- छालाको परीक्षण
- रगत परीक्षण
- खकार (कफ) को नमूना

## क्षयरोग कसलाई लाग्न सक्छ?

क्षयरोग जो कोहीलाई पनि लाग्न सक्छ, तर लाग्ने सम्भावना बढी हुन सक्छ यदि तपाईं:

- सक्रिय क्षयरोग भएको व्यक्तिसँग धेरै समय बिताउनु हुन्छ
- क्षयरोग बढी लाग्ने देशमा बसोबास गर्नुभएको छ भने
- कमजोर प्रतिरक्षा प्रणाली छ भने
- अत्याधिक भीडभाड वा अस्वस्थकर अवस्थाहरूमा बस्नुहुन्छ भने
- नियमित रूपमा धूम्रपान, मदिरा सेवन वा लागूपदार्थ सेवन गर्नु हुन्छ भने
- पहिले पनि क्षयरोग लागेको छ र त्यसको उचित उपचार भएको छैन भने

## क्षयरोगको खोप

क्षयरोगको निम्ती खोप छ। यसलाई BCG (बि सि जि) भनिन्छ। BCG नियमित रूपमा NHS खोप तालिकाको भागको रूपमा दिइँदैन किनकि यो के उच्च जोखिममा रहेका मानिसहरूलाई मात्र सिफारिस गरिन्छ। खोपको बारेमा थप जानकारीको लागि, NHS वेबसाइट nhs.uk/vaccinations/bcg-vaccine-for-tuberculosis-tb/ मा हेर्नुहोस्।

## क्षयरोग बारे थप जान्नुहोस्

YouTube मा ७ भाषाहरूमा सुषुप्त क्षयरोग बारे जानकारीमूलक भिडियोहरू हेर्नुहोस्।@TheTruthAboutTB खोज्नुहोस्।

क्षयरोग बारे थप जानकारीको लागि NHS वेबसाइटमा TB nhs.uk/conditions/tuberculosis-tb/ मा हेर्नुहोस् वा QR कोड स्क्यान गर्नुहोस्।

**युके स्वास्थ्य सुरक्षा एजेन्सी**
**स्वास्थ्य खतराहरूको लागि तयारी गर्ने, रोकथाम गर्ने र प्रतिक्रिया दिने, जीवन बचाउने र जीविकोपार्जनको सुरक्षा गर्ने।**